# इच्छाकामना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुरिन्टार, चितवन
३ नं. प्रदेश, नेपाल

प.स. ०७५/७६
च.नं. २८८

मिति २०७५/६/१६

## आ.ब. २०७५/७६ को ढुंगा, गिट्टी, बालुवा,ग्राभेल उत्खनन् गरि बिक्रि गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५ कार्तिक १६ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस इच्छाकामना गाउँ कार्यपालिकाको निर्णायानुसार प्राकृतिक स्रोत कर असुली सम्वन्धी कार्य आ.व. २०७५/०७६ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाईट www.ichchhakamanamun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

ढुंगा, गिट्टि, बालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| आय ठेक्का नं. | नदी/खोला हरुको विवरण | यस गाउँपालिकाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, २०७५ अनुसारको उत्खनन गरिने घाटको विवरण | बार्षिक उत्खनन गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १–०७५/७६ | त्रिशुली नदी | बारबांग खोला डाँडाबारी देखि त्रिशुली नदिको बगर झोलुङ्गेपुलको मुनिको क्षेत्र | १९१४ | रु. ४०५५००।- (चार लाख पाच हजार पाचसय रुपयाँ मात्र) | रु.३,०००।- | |
| २–०७५/७६ | | कुरिनघाट खोला(जीवनबगर सम्म) | १९८० | रु. ४१९४८२।-(चार लाख उन्नाइस हजार चारसय बयासी रुपैयाँ मात्र ।) | रु. ३,०००।- | |
| ३–०७५/७६ | | सोताबगर(त्रिशुली नदिको बगर) | ३३०० | रु ६९९१३८।- (छ लाख उनान्सय हजार एकसय अटतिस मात्र) | रु. ३,०००।- | |
| ४–०७५/७६ | | धारापानी खोला | १४८५ | रु३१४६१२।- (तिन लाख चौध हजार छ सय बाह्र मात्र ) | रु. ३,०००।- | |
| ५–०७५/७६ | | रिग्दिखोलाको राजमार्गको पुल भन्दा तल र माथिल्लोभाग | ९७५.४८ | रु २०६६६५।- (दुई लाख छ हजार छ सय पैसठ्ठी मात्र ) | रु. ३,०००।- | |
| ६–०७५/७६ | स्याँग्दी खोलाको विभिन्न | झंगझगे क्षेत्र,समिगौडाक्षेत्र स्याँग्दी खोला भोटि खोला दोभान स्याँग्दी खोला | ७०४२ | रु १४९१९६०।- (चौध लाख एकानब्बे हजार नौ सय साठी मात्र) | रु. ३,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७–०७५/७६ | स्थानहरु | थांग खोला बन इलाका कार्यालयक्षेत्र देखी थांग खोला क्षेत्र | ४७१९ | रु ९९९७६७/- (नौ लाख उनान्सय हजार सात सय सत्सठी मात्र ) | रु.३०००/- | |
| ८–०७५/७६ | | खगेरी खोला जलाधार | ३५४८३.२५ | रु ७५१७४८१/- (पचहत्तर लाख सत्र हजार चार सय एकासी मात्र) | रु. ३,०००/- | |

## शर्तहरु

१. ठेक्का अवधी २०७५ सालको मंसिर महिनाको सम्झौता मितिदेखि २०७६ सालको जेष्ठ मसान्तसम्म हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र इच्छाकामना गाउँकार्यपालिकाको कार्यालय कुरीनटार, चितवनबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१ औं दिन अपरान्ह १२:०० बजे भित्र इच्छाकामना गाउँकार्यपालिकाको कार्यालय कुरीनटार, चितवनमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।यस गाउँकार्यपालिकाको वेभसाइटबाट समेत बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ । यसरी वेभसाइटबाट डाउनलोड गरिएका बोलपत्र दाखिला गर्दा यस सूचना बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नगरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस इच्छाकामना गाउकार्यपालिकाको कार्यालय,कुरिनटार चितवनको नाममा रहेको ग्लोबल आइ.एम.ई. बैंकको चल्ती हिसाव नं. C४०१०१०००००२१ ग ३ धरौटी खातामा रकम जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० (एक सय बीस दिन) मान्य हुने विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% (पाच प्रतिशत) सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक कुरिनटार चितवन शाखामा रहेको मूल कोष खाता नं. C४०१०१०००००२४ ग ४ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद पेश गर्नुपर्ने छ ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैन्न ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढीवालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको बोलपत्र स्विकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११.बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्ग मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अङ्कको ६०% ले हुन आउने रकम |
| दोस्रो | २०७५ साल माघ मसान्त भित्र | कबोल अङ्कको २०% ले हुन आउने रकम |
| तेस्रो | २०७६ बैशाख मसान्त भित्र | कबोल अङ्कको बाँकी २०% ले हुन आउने रकम |

१३. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ । रोयल्टी दर ३ नं. प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५ को अनुसुची ९ मा उल्लेख भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालासूचीमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. गाउँपालिका कार्यालय कुरिनटार ,चितवनले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन ।

१७. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन । साथै संकलन कार्य पश्चात आवश्यकता अनुसार ग्याविन,जाली लगाइदिनु पर्नेछ ।

१८.खोला र नदीको घाटगढी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ । संकलनको काम गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९.गाउँपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगढी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगढी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा गाउँपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२०. ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी उत्खनन् गर्दा प्रचलित ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ. र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नुपर्नेछ ।

२१. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, निकाल्न पाइने छैन ।।

२२. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२३. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२४. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले २/२ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ ।

२६. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन् हुने घाटगढी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ ।

२७. विहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगढी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

२८.नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्नु अगाडी जुन नदी/खोलाको जुन स्थानबाट संकलन गर्नेगरी स्वीकृत भएको हो, सोही नदि/खोलाहरुको सोही स्थान प्राविधिकबाट एकिन गराई, तोकिएको परिमाण भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्नेछ ।

२९.तोकिएको स्थानको लम्बाई, चौडाई र उचाई खुल्ने रेफरेन्स कायम गरी चीनो लगाएको मुचुल्का तयार गरेपछी कार्य सुरु हुनेछ ।

३०.भारी उपकरण (मेशीन) प्रयोग गर्ने सम्बन्धी व्यवस्था यस गाउँकार्यपालिकाले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

३१. यस सूचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँकार्यपालिकाको निर्णायानुसार दिइने सुझाव यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३२.प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार इच्छाकामना गाउँपालिकामा सुरक्षित रहनेछ ।

३३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ बमोजिम हुनेछ ।

३४. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म/संस्थाले यस गाउँकार्यपालिकाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५, ३ नं. प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ. र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत